जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २४७ २०७९ साल बैशाख २२ गते बिहीबार (5 May 2022 Thursday) मूल्य रु. ५/-

**ट्राफिक नियमको पालना गरौं।**

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं,
- सडक बत्ति हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ्ग नगरौ,
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ्ग गरौं,
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं।

सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : गाउँबस्ती पुगेर मतदाता.. ३ पृष्ठमा : दलित मतदाता भन्छन्, ... ३ पृष्ठमा :अफगानिस्तानमा सर्वसाधारणमाथि ...

# उम्मेदवारद्वारा धमाधम घोषणा पत्र सार्वजनिक गर्दै







**दैनिक समाचारदाता**
**राजविराज, २१ बैशाख ।**

स्थानिय तह निर्वाचनको समय नजिकिदै जाँदा सप्तरीमा उम्मेदवारहरु धमाधम घोषणा पत्र सार्वजनिक गर्न जुटेका छन् ।

आउँदो बैशाख ३० गते हुने स्थानिय तह निर्वाचनमा मतदातालाई आकर्षित गर्न उम्मेदवारहरुले विकास निर्माणका साथै सामाजिक सुरक्षा र सुविधाका सवालमा विभिन्न योजना र प्रतिबद्धताका साथ घोषणा पत्र जारि गर्दैछन् ।

जिल्लाको १८ स्थानिय तह मध्ये अहिले सम्म १४ स्थानिय तहका विभिन्न दलका गरि सय भन्दा बढी उम्मेदवारले घोषणा पत्र सार्वजनिक गरिसकेका छन् ।

बुधबार छिन्नमस्ता गाउँपालिकाको जनता समाजवादी पार्टीका तर्फबाट अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष पदका उम्मेदबारले संयुक्तरुपमा पत्रकार सम्मेलनको आयोजना गरी घोषणा पत्र सार्वजनिक गरेका छन ।

छिन्नमस्ता गाँउपालिकामा जसपाका तर्फबाट अध्यक्ष पदमा सत्यनारायण यादव र उपाध्यक्षमा आशादेवी साहले उम्मेदबारी दिएका छन । अध्यक्ष पदका उम्मेदबार यादवद्वारा सार्वजनिक गरिएको घोषणा पत्रमा सखडा अस्पताललाई स्तरोन्नती गरी १५ सैय्याको बनाउने, जिर्ण रहेको बर्थिङ्ग सेन्टरहरुको पुनर्निर्माण गरी २४ सै घण्टा सेवा प्रदान गर्ने, ५ वर्ष भित्र गाउपालिकाका सबै वडा कार्यायलयको आफ्नै भवन निर्माण गर्ने, प्रत्येक वडामा एक खेल मैदान निर्माण गर्ने, प्रसिद्ध शक्तिपिठ छिन्नमस्ता भगवती मन्दिरको आधुनिकिकरण गरी धार्मिक पर्यटक स्थलको रुपमा विकास गर्ने, प्राकृतिक प्रकोप बाट कृषि बालीमा हुने क्षतिको क्षतिर्पुती उपल्बध गराउने लागयतका प्रतिधता व्यक्त गरिएको छ ।

यस्तै मंगलबार साँझ छिन्नमस्ता गाँउपालिकाकै लोकतान्त्रिक समाजबादी पार्टी ( लोसपा) का उम्मेदवारहरुले पनि पत्रकार सम्मेलनको आयोजना गरी स्थानीय मुद्दालाई समेटेर घोषण पत्र सार्वजनिक गरेका छन ।

लोसपाको तर्फबाट विद्यानन्द चौधरी तथा उषा मण्डलले उपाध्यक्षपदमा उम्मेदबारी दिएका छन । अध्यक्ष पदका उम्मेदवार चौधरीद्वारा सार्वजनिक गरिएको ३५ बुँदै घोषणा पत्रमा प्रत्येक वडामा कालो पत्रे सडक निर्माण, प्रत्येक विद्यालायमा कम्प्युटर शिक्षा, पुस्तकालाय, ल्याब, इन्टरनेट, लिंक जडान, अग्रेजी माध्यमको पढाई, छात्रालाई आत्मरक्षा तालिम तथा गरिब असहाय परिवारका छोरीको विवाहमा २५ हजारको सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरिएको छ ।

यस्तै छिन्नमस्ता भगवती मन्दिरलाई विश्व सम्पदा सुचिमा समाबेश गराउन विशेष पहल गरिने, बस पार्कको निर्माण, फन पार्कको निर्माण, अल्पकालिन र दिर्धकालिन सिचाई योजना, एक घर एक शौचालय अन्तगत गरिब विपन्न परिबारलाई शौचालय बनाउन १५ हजारको सहयोग तथा छिन्नमस्ता दर्शनका लागि आउने दशानार्थीहरुकालागि सुविधा समपन्न धर्मशाला निर्माण लगायतका प्रतिवद्धता पनि व्यक्त गरिएको छ ।

यस्तै कञ्चनरुप नगरपालिकाको नेपाली कांग्रेसको तर्फबाट नगरप्रमुख पदका उम्मेदबार रहेका ललनप्रसाद गुप्ताले पनि पत्रकार सम्मेलन मार्फत ५१ बुँदै घोषणा पत्र सार्वजनिक गरेका छन ।

गुप्ताले स्वास्थ्य, शिक्षा र कृषिलाई पहिलो प्राथमिकतामा राख्दै केही महत्वाकांक्षी योजना पनि घोषणा पत्रमा समेटेका छन ।

उनको घोषणा पत्रमा दलित महाविद्यालयको स्थापना गरिने, गरिब, असहाय, अपाङ्ग, एकल महिला, जेष्ठ नगरिकको निशुल्क स्वास्थ्य बिमा गरिने, प्राथमिक स्वास्थ्य केन्द्रलाई ५० शैय्याको अस्पतालको रुपमा परिणत गरिने, सबै वडामा एम्बुलेन्सको व्यवस्था गरिने, नगरपालिका मातहतको सबै स्वास्थ्य संस्थामा बर्थिङ्ग सेन्टर संचालनमा ल्याउने लगायतका महत्वाकांक्षी योजनाहरु समाबेश गरिएको छ ।

यस्तै नगर भित्र नगर बस सेवाको संचालन, एक वडा एक बारुणयन्त्रको व्यवस्था, रोजगारीका लागि २ वटा ठुला उद्योगको स्थापना, प्रत्येक टोलमा सोलार प्रविधिको माध्यमबाट सडक बत्ति जडान लगायतका प्रतिवद्धता समेत उनले घोषणा पत्रमार्फत व्यक्त गरेका छन ।

# लागुऔषधसहित दुई भारतीय युवक पक्राउ

परासी, २१ वैशाख (रासस) ।

लागुऔषधसहित दुई जना भारतीय नागरिक पक्राउ परेका छन् । पक्राउ पर्नेमा भारतको महामराजगञ्ज ग्राम रेजिया बस्ने २० वर्षीय भोलु चौहान र भारतकै गोरखपुर बस्ने १९ वर्षीय राकेश सहानी छन् ।

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)स्थित भारतीय सीमावर्ती क्षेत्र प्रतापपुर गाउँपालिका-५ बैदौलीबाट उनीहरूलाई लागुऔषधसहित मंगलबार राति नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय परासीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक प्रेमबहादुर शाहीले जानकारी दिनुभयो ।

उहाँका अनुसार विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बेलाटारी र प्रहरी चौकी गुठीप्रसौनीबाट खटिएको संयुक्त प्रहरी टोलीले यूपी ५६ एएन ३९४२ भारतीय नम्बरको मोटरसाइकलमा जाँच गर्ने क्रममा १७५ एम्पुल डाइजेपाम, १७५ एम्पुल फेनारगन, १७५ एम्पुल नुफिन नामक अवैध लागुऔषध फेला परेको थियो । पक्राउ परेका दुवै जनाविरुद्ध लागुऔषध ऐन २०३३ बमोजिम थप अनुसन्धान थालिएको प्रहरीले जनाएको छ ।




**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# मतदाता शिक्षा बिना नै मतदान !

यही वैशाख ३० मा हुन लागेको स्थानीय तह निर्वाचन आउन अब ८ दिन मात्रै बाँकी रहेको छ । यस अविधीमा विभिन्न राजनीतिक दलहरु आफ्नो पक्षमा मत रिझाउन लागिपरेका छन् । उनीहरु अहिले मतदाताको घर घरमा गएर मत माग्न ब्यस्त छन् । आफ्नो पार्टीको एजेन्डा र घोषणा पत्र सँगै उनीहरु मतदातालाई आफ्नो पक्षमा पार्न सक्दो प्रयास गरिरहेको देखिन्छ । बिहानैदेखी मतदाताको घरमा गएर आफ्नो भनाई राख्दै मतदाताको खुट्टा ढोक्न समेत भयाइरहेका छन् । यस्तो दृश्यले चुनावी माहौल तताइरहेको छ ।

मुलुक प्रदेश संरचनामा रहेको बेला यो दोश्रो स्थानिय निर्वाचन हुन गइरहेको छ । यसअघिको पहिलो कार्यकालमा निर्वाचित जनप्रतिनिधिहरु पनि अहिले आफ्नो दोश्रो कार्यकालका लागि पनि चुनावी रणभूमीमा होमिएको देखिन्छ । उनीहरुले आफ्नो कार्यकालको विकासीय कार्यलाई स्मरण गराउँदै मतदातासँग मत मागेको देखिन्छ । चुनावी माहौलो तातिएको बेला भने मतदाताहरु अझ पनि अलमलमा रहेको देखिन्छ । कीन भने यस पटक निर्वाचन आयोगले मतदाता शिक्षा र मतदान प्रक्रियाबारे कुनै जानकारी दिन सकेको छैन् । सिधै मतदान प्रक्रियामा गएको देखिन्छ । जसले गर्दा पुरानो मतदाताहरुलाई मत खसाल्न समस्या नभएपनि नयाँ मतदातालाई समस्या हुने देखिन्छ । उनीहरुलाई पहिलो पटक मत खसाल्ने बारे जानकारी दिइएको छैन् । यो निर्वाचन आयोगको कमजोरी हो ।

तसर्थ निर्वाचन आयोगले यस्ता कमजोरीहरुलाई सच्याउनु आवश्यक छ । होइन् भने मत खेर जान सक्ने सम्भावना समेत उत्तिकै छ । यसका लागि उम्मेदवारहरुले नै मतदाता शिक्षा र मतदान गर्ने बारे पनि सिकाउँदै मत माग्न अग्रसर हुनु पर्ने आवश्यकता देखिन्छ ।

# गाउँबस्ती पुगेर मतदाता रिझाउँदै उम्मेदवार

**नारायण ढुङ्गाना**

काठमाडौँ, २१ वैशाख (रासस) ।

यही वैशाख ३० मा सम्पन्न हुन लागेको स्थानीय तहको निर्वाचन आउन अब नौ दिन मात्रै बाँकी रहँदा गाउँबस्ती चुनावमय बनेका छन् । उम्मेदवार आफ्ना कार्यकर्तालाई साथ लिएर विकास र समृद्धिका प्रतिबद्धतासहित बस्ती छिरेका छन् ।

उम्मेदवारले मतदातालाई आश्वास्त पार्न घरदैलो पुगेर अभियान चलाइरहेका छन् । दलका उम्मेदवार आफ्ना पार्टीका घोषणापत्र र कार्यसूची तथा आफ्ना योजना बोकेर मतदाताका घरघरमा पुगेका छन् । चुनाव जितेर गाउँबस्ती नफर्कने आरोप लाग्ने गरेका उम्मेदवारले अहिले मतदातासँगको भेटघाट एवं छलफल तीव्र पारिरहेका छन् । उनीहरु आआफ्ना पक्षमा जनमत सिर्जना गर्न ऱ्याली, घरदैलो, जुलुस तथा सभा गरिरहेका छन् । उम्मेदवारले यसपाली सामाजिक सञ्जालको भरपुर उपयोग गरेको पाइन्छ । गाउँबस्तीमा गीतसङ्गीतमार्फत पनि घरदैलो चलेको पाइएको छ ।

मुलुकका पाँच महानगर, ११ उपमहानगरसहित ७५३ स्थानीय तहमा एकसाथ निर्वाचन हुन लागेकाले पनि मुलुक नै निर्वाचनमय भएको छ । त्यसमध्ये महानगरको चुनाव पेचिलो बनेको छ । यसअघि विसं २०७४ मा तीन चरणमा निर्वाचन सम्पन्न भएकाले मुलुक निर्वाचनमय बन्न सकेको थिएन तर यसपाली गाउँबस्तीमा निर्वाचनले छपक्कै छोपेको छ । उम्मेदवार मतदाता भेट्न खेतबारीसमेत धाइरहेका छन् । काम गरिरहेको स्थानमा पुगेर भेटघाट गर्ने र विभिन्न विकासका प्रतिबद्धतासहित मतदातालाई आकर्षित गरिरहेका पाइएको छ । सत्ता गठबन्धन दलकातर्फबाट काठमाडौँ महानगरको प्रमुखमा उम्मेदवारी दिएकी कांग्रेस नेतृ सिर्जना सिंह चुनावी अभियान बोकेर मतदाताको घरघर पुग्नुभएको छ । काठमाडौँ सहरका युवालाई खेलकुदप्रति आकर्षित गराउन पहल गर्ने उहाँको प्रतिबद्धता छ । काठमाडौँलाई अन्तर्राष्ट्रिय जगतमै उच्च पहिचान दिलाउन कोसिस गर्ने र सुशासन, सुन्दर सहर, भ्रष्टाचारमुक्त र सम्पदा संस्कृतिको विकासमा योगदान दिने मतदातामाझ चुनावी प्रतिबद्धता जनाउनुभएको छ ।

नेकपा (एमाले) बाट महानगरको प्रमुखमा उम्मेदवारी दिएका नेता केशव स्थापितले विसं २०५४ का मेयर जित्नुभएको थियो । स्थापित काठमाडौँको समृद्धिका योजनासहित महानगरका टोलटोलमा चुनावी अभियानमा सक्रिय भएको बताउनुहुन्छ । समय तालिका बनाएरै चुनावी अभियान थाल्नुभएका उहाँ नागरिकको सेवामा समर्पित हुने उद्घोषसहित मतदाता रिजाउने प्रयासमा हुनुहुन्छ ।

उता मुलुककै ध्यान केन्द्रित भएको महानगर हो चितवनको भरतपुर । विगतमा मतगणनाको अन्तिम समयमा मतपत्र च्यातिएकाले अहिले पनि भरतपुर चर्चाको शिखरमा नै छ । सत्ता गठबन्धन दलले चितवनमा चुनावी घोषणापत्र नै बनाएर अभियान थालेको छ । गठबन्धनका तर्फबाट महानगरको प्रमुख पदका उम्मेदवार नेकपा (माओवादी केन्द्र) की नेतृ रेणु दाहाल गएको पाँच वर्षमा विकासको एउटा जग तयार भएको सुनाउनुहुन्छ । उहाँ अब बाँकी रहेका योजना पूरा गर्न र समृद्ध महानगर बनाउने योजनाका साथ चुनावी अभियानमा होमिनुभएको छ । उहाँले मतदाता माझ भरतपुरलाई मुलुककै नमूना र हेर्न लायक सहर बनाउने सङ्कल्प प्रस्तुत गर्नुभयो । उहाँले महानगरमा कृषि, स्वास्थ्य, शिक्षा र विकासमा आफ्नो ध्यान जाने पनि मतदातामाझ प्रतिबद्धता जनाउनुभएको छ ।

चितवनको भरतपुरमा एमालेका तर्फबाट उम्मेदवार विजय सुवेदीले कसले जित्ने त्यो ठूलो कुरा नभई जनताले मन लागेको उम्मेदवारलाई भोट दिन सक्ने वातावरण निर्माण गर्नुपर्ने बताउनुन्छ । भरतपुर महानगरपालिका-१३ मा चुनावी सभालाई सम्बोधन गर्दै उहाँले ५० वर्ष पछाडिसम्मको विकासलाई हेरेर अहिले नै भरतपुरको गुरुयोजना बनाउन जरुरी रहेको बताउनुभएको छ । मतदातामाझ उहाँले व्यवस्थित र सुरक्षित सहर निर्माण गर्ने योजना सुनाउँदै त्यसका लागि आफूलाई आउँदो पाँच वर्ष पर्याप्त हुने बताउनुभएको छ ।

उता पोखरा, वीरगञ्ज, विराटनगर र ललितपुर महानगरसहित मुलुकका ७५३ वटै स्थानीय तहका गाउँबस्ती तथा टोल यसैगरी चुनावमय भएका छन् । जिल्लाजिल्लाबाट प्राप्त विवरण र सूचनामा जनाइएअनुसार उम्मेदवार पालिकाको विकास र समृद्धका नारा बोकेर चुनावमा लागेका छन् । उम्मेदवारले स्थानीय तहको माग र आवश्यताअनुसारका आआफ्ना प्रतिबद्धतापत्र पनि सार्वजनिक गरेका छन् ।

पर्यटक विकास, सडक, ढल, बत्ती, हरियाली र स्वच्छ वातावरण, विपद् व्यवस्थापन, तटबन्ध जस्ता कार्यक्रम, सामाजिक विकास नागरिक सशक्तिकरण, सिमान्तकृत, विपन्न, गरीब तथा असहाय र पछाडि पारिएका व्यक्तिका लागि राहत तथा पुनःस्थापनका कार्यक्रम उम्मेदवारका साझा प्रतिबद्धता पाइएका छन् । उनीहरुको योजनामा समृद्धि पालिका बनाउने र त्यसका लागि शिक्षा, स्वास्थ्य, सञ्चार, वातावरण संरक्षण, नदी नियन्त्रण, सडक सञ्जाल विस्तार, कृषि, उद्योग, मजदुर संरक्षण, गरिबी नियन्त्रण, बेरोजगारी समस्या समाधान, सांस्कृतिक सम्पदा संरक्षण गर्ने कुरा पनि समावेश छ ।

यसपाली सत्तापक्षीय राजनीतिक दलको एउटा गठबन्धन छ भने प्रमुख प्रतिपक्षी दल एमाले नेतृत्वको अर्को गठबन्धन बनेको छ तर सबै ठाउँमा एकै खालको गठबन्धन भने छैन । मुलुकका छ राष्ट्रियसहितका दल तथा स्वतन्त्र उम्मेदवारसमेतले चुनावी प्रचार अभियानलाई तीव्र बनाएका छन् । निर्वाचन आयोगमा दर्ता भएका ७९ दलमध्ये ६६ दलले उम्मेदवारी मनोनयन दर्ता गराएका थिए । स्थानीय तह निर्वाचनमा एक लाख ५३ हजार २२० उम्मेदवार छन् ।

**यहाँसम्म पुग्यो निर्वाचनको तयारी**

निर्वाचन आयोगका अनुसार ६५ जिल्लामा एक करोड ३२ लाख बढी मतपत्र ढुवानी भइसकेका छन् । निर्वाचनका लागि एक करोड

*बाँकी तीन पृष्ठमा*


**हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल**

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता - रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**



पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
**डा. सुशील मोहन दास**
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# दलित मतदाता भन्छन्, "सुरक्षित आवास र शौचालय बनाइदिने ग्यारेन्टी गर्नुस्, भोट लिनुस्"

**राजु विश्वकर्मा**
जनकपुर, २१ वैशाख (रासस)।

सिरहाको गोलबजार नगरपालिका- १० धोवियाझारस्थित मुसहर बस्तीमा मत माग्न पुग्ने उम्मेदवारले त्यहाँको मतदाताबाट एउटै उत्तर पाउँछन्, 'सुरक्षित आवासको ग्यारेन्टी गर्नुस्, भोट लिनुस्।'

यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि मत माग्दै मुसहरबस्ती पुग्ने उम्मेदवारले स्थानीय मतदाताको यो जवाफ सुनेपछि केही छिन अलमल्ल पर्ने गरेका छन्। पूर्व-पश्चिम राजमार्गअन्तर्गत सिरहाको गोलबजार नगरपालिकाको चोहर्वाबाट पाँच किलोमिटर उत्तर घुर्मी खोलाको पूर्वी किनारमा अवस्थित ४० घरपरिवारका बस्तीमा सुरक्षित बास र शौचालयको समस्या छ।

एकातिर निजी जग्गा नहुँदा पूरै बस्ती नै ऐलानी जग्गामा बसोबास गरिरहेका छन् भने अधिकांशको घरमा अझै शौचालयको समस्या रहेको स्थानीयवासीको भनाइ छ। दैनिक मजदूरी र दाउरा बेचेर गुजारा चलाउँदै आएका सो बस्तीका मतदाताले बस्तीमा सुरक्षित आवास र शौचालय बनाइदिने प्रतिबद्धता जनाउने उम्मेदवारलाई मात्र हामीले भोट दिन्छौँ भन्दै आएको छ। आर्थिक आभावका कारण फुसको छाप्रोमा जेनतेन जीवन गुजारा चलाउँदै आएका स्थानीयवासी फुलकुमारी सदाले सुरक्षित आवास र शौचालय बनाइदिने ग्यारेन्टी गर्ने उम्मेदवारलाई मात्र आफ्नो मत दिने सोचमा आफू पुगेको बताउनुभयो।

"सधैँभरी मजदूरी गरेर परिवार पाल्दै आएका छौँ", उहाँले भन्नुभयो, "नेताहरु भेट्न आउने भनेको चुनावकै बेला हो, अरुबेला उहाँहरुको अनुहारै देख्न पाईंदैन, यो चुनावमा राम्रो बास र शौचालयको व्यवस्था मिलाउने इमान्दार उम्मेदवारलाई भोट दिनेछु।" स्थानीयवासी ५० वर्षीय झौला सदायले पनि घर र शौचालय बनाइ दिने उम्मेदवारलाई मात्र मत दिने बताउनुभयो। "वर्षौंदेखि हामीले भोट हालेर माननीय मन्त्री बनाएकै छौं, तर जितेर गएपछि नेता पुनः आफूहरुको समस्या बुझ्नै आउँदैन्", उहाँले भन्नुभयो, "त्यसैले यही बेलामा नेताहरुसँग केही कुरा माग्ने हो।"

पटक-पटकको निर्वाचनमा हामीले मत दिएर थुप्रै नेतालाई जितायौं, तर हाम्रो अवस्थामा भने केही सुधार आएन् उहाँले भन्नुभयो, "अब जसले हाम्रो बस्ने घर र शौचालय बनाइदिन्छ उसैलाई मात्र मत दिन्छौं।" करिब पाँच वर्षपछि हुनलागेको स्थानीय तहको निर्वाचनमा मत हाल्न आतुर रहेका यहाँका मतदाता पहिला जोसुकैलाई मत दिए पनि यसपालीको चुनावमा उहाँहरु सुरक्षित आवास र शौचालय खोजेका हुन्।

माटोको भित्ता र खरको छानोबाट बनेका स-साना झुप्रा घर भएको उक्त बस्तीमा मत माग्न आउने उम्मेदवारले आफूहरु निर्वाचित भएपछि माग सम्बोधन गर्ने प्रतिबद्धता जनाउने गरेको स्थानीयवासीले बताएका छन्। "हामीलाई घाम पानी छेक्ने राम्रो घर र शौचालय चाहिएको छ, यसको ग्यारेन्टी गर्ने उम्मेदवारलाई भोट दिन्छौं भन्ने विभिन्न उम्मेदवारले प्रतिबद्धता जनाइरहेका छन्", स्थानीयवासी तारादेवी सदाले भन्नुभयो, "यस्तो प्रतिबद्धता थुप्रै पाए तर चुनावपछि त्यो प्रतिबद्धता पूरा भएन्, यसपाली विश्वासिलो नेतालाई मात्र मत दिन्छु।"

स्थानीयवासी रामबत्ती सदायले आर्थिक अभावकै कारण एउटा राम्रो घर बनाउन नसकिएको बताउँदै मन नभएर घर नबनाएको होइन्, कमाइले खानलाउनै पुग्दैन, कसरी घर र शौचालय बनाउने हो भनी प्रश्न गर्नुभयो। ? उहाँले हाम्रो घर र शौचालय बनाइदिने विश्वासिलो प्रतिबद्धता गर्ने उम्मेदवारलाई मात्र हामीले भोट दिन्छौं।"

पहिला पहिलाको चुनावमा नेताहरुले पैसा बाँडेर मत किनेर जित्ने गरेका थिए, तर अब हामी यस्तो हुन दिदैनौं, यसका लागि हामी एक भएका छौं, स्थानीयवासी जीतन सदाको भनाइ छ।

वर्षौदेखि ऐलानी जमिनमा बस्दै आएको यहाँका मुसहर बस्तीका कसैको नाममा पनि जमिन दर्ता भएको छैन। कूल आठ नगरपालिका र ९ गाउँपालिका गरी १७ वटा स्थानीय तह रहेको सिरहामा चार लाख १४ हजार १६६ मतदाता रहेका छन्। जिल्लामा २१९ मतदान केन्द्र निर्धारण गरिएको जिल्ला निर्वाचन कार्यालय सिरहाले जनाएको छ।

### *गाउँबस्ती पुगेर ...*

९४ लाख मतपत्र आवश्यक पर्ने अयोगोले यसअघि नै सार्वजनिक गरिसकेको छ। मुलुकका ७५३ स्थानीय तहको निर्वाचनमा यसपटक एक करोड, ७७ लाख ३३ हजार ७२३ मतदाता छन्। कूल १० हजार ७५६ मतदानस्थल र २१ हजार ९५५ मतदान केन्द्र तोकिएका छन्। मुलुकका छ हजार ७४३ वडामा पनि सँगसँगै निर्वाचन हुन्छ। सरकारले दुई हजार ९४६ अति संवेदनशील, चार हजार ४२३ संवेदनशील र तीन हजार ३८७ मतदानस्थल कम संवेदनशील भनेर वर्गीकरण गरी सोहीअनुसार सुरक्षा व्यवस्था मिलाएको छ। निर्वाचनका लागि एक लाख ७० हजार सुरक्षाकर्मी तथा एक लाख म्यादी प्रहरी खटाइएको छ।

निर्वाचन आयोगले आचारसंहिता प्रतिकूल गतिविधि गर्ने उम्मेदवारको उम्मेदवारी रद्द हुनसक्नेसम्मको चेतावनी दिइसकेको छ। विभिन्न क्षेत्रमा आचारसंहिता विपरीतका गतिविधि दलबाट भइरहेको भन्दै आयोगले कतिपय उम्मेदवार र तिनका उम्मेदवारलाई स्पष्टीकरण सोधेको छ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
**तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**

## विश्व समाचार

### अफगानिस्तानमा सर्वसाधारणमाथि भएको हमलाको संयुक्त राष्ट्रसंघद्वारा निन्दा

संयुक्त राष्ट्रसंघ, २१ वैशाख (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसंघले अफगानिस्तानमा पछिल्ला केही दिनयता निरन्तररुपमा त्यहाँका सर्वसाधारण नागरिकमाथि भइरहेका हमलाको निन्दा गरेको छ। संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को मंगलबारको बैठकले सो निन्दा गरेको हो। संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को सो बैठकले पछिल्ला हप्तामा अफगानिस्तानमा सर्वसाधारण नागरिकमाथि नै लक्ष्य गरेर हिंसात्मक आक्रमणका घटना हुनु दुःखद् भएको जनाएको हो। पछिल्ला हप्तामा हत्या हिंसाका शृंखला बढ्दै गएका र यी आक्रमणले यहाँका सर्वसाधारण नागरिकलाई लक्ष्य बनाएको भन्दै यसप्रति सुरक्षा परिषद्ले चिन्ता व्यक्त गरेको छ।

सो परिषद्ले मंगलबार प्रकाशन गरेको विज्ञप्तिमा अफगानिस्तानमा मजार ए शरिफमा रहेको मस्जिदमा गत बिहीबार गरिएको हमलाका साथै अन्य आक्रमण हुँदा कैयौं नागरिकको ज्यान गएको घटनाको निन्दा गरिएको थियो। साथै सो विज्ञप्तिमा गत शुक्रबार कुन्दुजमा दुई बसमा बम हमला भएको र सर्वसाधारण नागरिकको ज्यान गएको थियो घटनाको पनि निन्दा गरिएको छ। अफगानिस्तानमा जारी रहेका यी आतङ्ककारी हमलाको संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले निन्दा गर्दै यस्ता हमलाका दोषीमाथि कडा कारबाहीको माग गरिएको छ।

### युक्रेनका लागि वार्ता र कूटनीतिक पहल गर्न मोदीको आग्रह

कोपेनहेगन, २१ वैशाख (रासस/सिन्ह्वा)।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले युक्रेनको हालको द्वन्द्व समाधानका लागि वार्ता र कूटनीतिक प्रयास सँगसँगै गर्नुपर्ने बताउनुभएको छ। उहाँले युक्रेनमा हाल जारी रहेको समस्याको समाधानका लागि वार्ता र कूटनीतिक पहल जरुरी रहेको बताउनुभएको हो। हाल युरोप भ्रमणमा रहनुभएका प्रधानमन्त्री मोदीले मंगलबार डेनमार्कका आफ्ना समकक्षी मेट्टे फ्रेडरिक्सनसँगको वार्तापछि सो धारणा राख्नुभएको हो।

डेनमार्कका आफ्ना समकक्षी मेट्टे फ्रेडरिक्सनसँगको वार्तापछि मंगलबार आयोजना गरिएको संयुक्त पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो, युक्रेनको संकट समाधान गर्न वार्ताका साथै कूटनीतिक प्रयासलाई गति दिनुपर्छ, यही माध्यमबाट नै समस्या समाधान हुनेछ। भारत युक्रेनमा शान्ति चाहेको भन्दै हाल जारी रहेका आक्रमणलाई रोकेर अविलम्ब कूटनीतिक वार्ता थाल्नुपर्ने भारतको धारणा रहेको पनि उहाँले बताउनुभयो। प्रधानमन्त्री मोदी भारतको प्रधानमन्त्रीका रुपमा पहिलो पटक डेनमार्कको भ्रमण गरेको पनि उहाँले बताउनुभएको थियो।

### युक्रेनमा २६ को मृत्यु, १२ घाइते

किभ, २१ वैशाख (रासस/एएफपी)।

युक्रेनको पश्चिमी क्षेत्रमा भएको दुर्घटनामा परी २६ जनाको मृत्यु भएको छ। सरकारी अधिकारीले बुधबार दिएको जानकारीअनुसार सुरुमा मृतकको सङ्ख्या थोरै देखिएपनि अहिलेसम्म २६ को मृत्यु भएको पुष्टि भएको हो। यात्रु बहाक एउटा बस अर्को पेट्रोलियम पदार्थ ढुवानी गर्ने ट्याङ्करसँग ठोक्किएर दुर्घटना भएको अधिकारीले जनाएका छन्। देशको पश्चिमी क्षेत्रमा पर्ने रिभ्ने क्षेत्रमा मङ्गलबार भएको दुर्घटनालाई राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले "अत्यन्त दुःखद दुर्घटना" भन्नुभएको छ।

"दुर्घटनामा परी अहिलेसम्म कुल २६ को मृत्यु भएको छ, तीमध्ये २६ यात्रु हुन भने दुई जना चालक हुन्," प्रहरीले जारी गरेको वक्तव्यमा लेखिएको छ। घटनामा परी अरु १२ जना घाइते भएको र उनीहरुको विभिन्न अस्पतालमा उपचार गराइएको प्रहरीले जनाएको छ। प्रहरीले घटनामा मृत्यु भएकाको पहिचान खोज्नेकार्य भइरहेको जानकारी दिएको छ। पीडितमध्ये अधिकांश युवा रहेको पनि जनाइएको छ। रुसको आक्रमणमा परी सयौं युक्रेनीको मृत्यु भइरहेका बेला दुर्घटनामा परी २६ युक्रेनीको मृत्यु भएको हो।

### विषाक्त खाद्य पदार्थका कारण ३५को मृत्यु

विसकेक, २१ वैशाख (रासस/सिन्ह्वा)।

विषाक्त खाद्य पदार्थका कारण किर्गिस्तानमा ३५ जनाको मृत्यु भएको छ। एकै खाद्य पसलका खाना खाँदा उनीहरुको मृत्यु भएको सरकारी अधिकारीले बुधबार जानकारी दिएका छन्। विषाक्त खाद्य पदार्थका कारण अरु १८ जना १४ वर्षभन्दा कम उमेरका बालबालिका बिरामी भएका छन्।

उनीहरुको विभिन्न अस्पतालमा उपचार भरहेको र उनीहरुको अवस्था स्थिर रहेको स्वास्थ्यकर्मीले जानकारी दिएका छन्। विषाक्त खाद्यपदार्थ बेच्ने पसलेलाई प्रहरीले नियन्त्रण लिएर कारवाही प्रक्रिया सुरु गरेको प्रहरी अधिकारीले जनाएका छन्। प्रहरीले विषाक्त खाद्य पदार्थ बिक्री वितरण गर्ने पसल बन्द गरिदिएको छ भने खाद्य पदार्थका एक हजार पोका बरामद पनि गरेको छ।


डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजबिराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# मानवअधिकार आयोगले निर्वाचनको अनुगमन गर्ने

काठमाडौँ, २१ वैशाख (रासस) ।

राष्ट्रिय मानवअधिकार आयोगले आगामी वैशाख ३० गते हुने निर्वाचनको अनुगमन गर्ने भएको छ ।

आयोगले आज यहाँ आयोजना गरेको स्थानीय तह निर्वाचन र पत्रकार भेटघाटमा आयोगका अध्यक्ष तपबहादुर मगरले निर्वाचनको आयोगले मानवअधिकारको दृष्टिकोणले अनुगमन गर्ने बताउनुभयो । सातवटै प्रदेशमा उच्चस्तरीय अनुगमन टोलीद्वारा अनुगमन हुनेछ । आयोगले निर्वाचन पूर्व, निर्वाचन अवधि र निर्वाचन पश्चात अनुगमन गर्ने उहाँले जानकारी दिनुयो ।

आयोगका सदस्य डा सूर्य ढुङ्गेल मधेस प्रदेश, सदस्य मिहिर ठाकुर गण्डकी प्रदेश, सदस्य मनोज दुवाडी सुदूरपश्चिम प्रदेश र सदस्य लिली थापा नेतृत्वको टोली प्रदेश नम्बर १ को अनुगमनमा जाने कार्यक्रम छ । अघि उम्मेदवारी दर्ताका दिन वैशाख ११ र १२ गते पनि आयोगले ३० वटा जिल्लामा पुगेर अनुगमन गरेको थियो ।

आयोगले निर्वाचन अवधिका ४७ अनुगमन टोलीद्वारा ७७ जिल्लाका मतदान केन्द्रमा पुगी मानवअधिकारको अवस्थाबारे अनुगमन गर्नेछ । केन्द्रीय कार्यालयबाट पनि अनुगमन कन्ट्रोल रुम स्थापना गरी अनुगमन गरिने अध्यक्ष मगरले जानकारी दिनुभयो । आयोगले अनुगमनमा ज्येष्ठ नागरिक, किरियापुत्री, गर्भवती आदिको सहज पहुँच भए नभएको, मतदान केन्द्रको उपयुक्त, मतदान केन्द्रको सुरक्षा प्रबन्ध, सुरक्षाकर्मी परिचालन तथा व्यवस्थापन, मतदाता शिक्षा, निर्वाचन प्रचारप्रसारमा बालबालिकाको प्रयोग, आचारसंहिताको पालना, निर्वाचन प्रचारप्रसारको क्रममा हुनसक्ने हिंसात्मक गतिविधि भए नभएको अनुगमन गर्नेछ ।

निर्वाचनको निष्पक्षता, मतदानको गोपनीयता, महिलाको सहभागिता, सुरक्षाकर्मी र मतदानमा खटिने कर्मचारीको खानपान र बसोबासको प्रबन्ध, मतगणनास्थलको सुरक्षा प्रबन्ध, मतगणनासम्बन्धी सूचना विधिको प्रयोगको अवस्था, मतगणनास्थलमा सुरक्षाकर्मी र पर्यवेक्षण गर्ने संस्थाको उपस्थिति, विजय जुलुस शान्तिपूर्ण भए नभएको, अन्य दलको विरोध वा अवरोध भए नभएको अवस्था जस्ता विषयमा मानवअधिकारको संरक्षण र सम्वर्द्धनको कोणबाट अनुगमन हुनेछ ।

अध्यक्ष मगरले निर्वाचन पूर्वको अनुगमन गर्दा निर्वाचनका लागि सरकारले शान्ति सुरक्षाको तयारी गरेको, निर्वाचन अधिकृतले सर्वदलीय बैठक गराएको, राजनीतिक दलले अचारसंहिताको पालनामा प्रतिबद्धता जनाएको र यदाकदा छिटफुट घटना र वादविवादबाहेक शान्ति र उत्साहपूर्ण तबरले मनोनयन प्रक्रिया सम्पन्न भएको पाइएको जानकारी दिनुभयो ।

**महिला उम्मेदवार कमी**

उहाँले अनुगमनका क्रममा विगतको तुलनामा महिलाको उम्मेदवारीमा कमी देखिएको बताउनुभयो । उहाँले समावेशी समूहबाट कम उम्मेदवारले मनोनयन दर्ता गरेको समेत बताउनुभयो । कतिपय ठाउँमा मनोनयन दर्ता र चुनाव चिह्न प्रदान गर्ने कुरामा सामान्य विवाद हुनु, मनोनयन दर्ताका क्रममा कतिपय स्थानमा भीडभाड देखिनु, मनोनयन दर्ता र प्रचारप्रसारका क्रममा कतिपय दलहरुले आफ्नो प्रतिबद्धता विपरीत आचारसंहिताको पालना नगरेको देखिनु, बालबालिकालाई जुलुसमा लैजानु, सीमान्तकृत वर्गलाई लक्षित गरी मतदाता शिक्षाको प्रचारप्रसार नगर्नु र दलका नेताले एक अर्काप्रति घृणायुक्त अभिव्यक्तिहरु दिनु जस्ता कमीकमजोरी देखिएको आयोगले जनाएको छ ।

अध्यक्ष मगरले निर्वाचनमा हुन सक्ने राज्यशक्तिको दुरुपयोग, पैसाको अत्यधिक प्रयोग तथा बाहुबलको प्रयोगबाट निर्वाचनलाई प्रभावित पार्न सक्ने संभावनातर्फ सबै सतर्क रहन आवश्यक रहेको बताउनुभयो । आयोगका सदस्य सूर्य ढुङ्गेलले निर्वाचन आयोगले जारी गरेको आचारसंहिता कार्यान्वयन गराउनतर्फ सबै दल प्रतिबद्ध हुनुपर्ने बताउनुभयो ।

आयोगले सर्वसाधारणले पनि सामाजिक सञ्जालको प्रयोग गर्दा मर्यादित र शिष्ट भाषाको प्रयोग गर्न आग्रह गरेको छ । आयोगले सर्वसाधारणलाई आफ्नो अधिकारको प्रयोग गर्दा अरुको मर्यादामा आँच आउने कार्य नगर्न तथा उत्साहपूर्ण रुपमा निर्वाचनमा भाग लिन, आफ्नो मतको सदुपयोग गर्न तथा स्वतन्त्र निष्पक्ष निर्वाचन गर्ने कुरालाई सहयोग गर्न आग्रह गरेको छ ।

# बमको हल्लाले अन्तराष्ट्रिय विमानस्थलमा हंगामा

**दैनिक समाचारदाता**
**काठमाडौं, २१ बैशाख ।**

विदेशबाट अज्ञात व्यक्तिले फोन गरेर त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनलमा बम भएको बताएपछि बुधबार केही बेर विमानस्थलमा हंगामा मच्चिएको थियो ।

फोन आएसँगै सेनाको बम डिस्पोजल टोलीसहितले सर्च गर्दा बम नभएको पुष्टि भएको हो ।

बुधबार बिहान अज्ञात व्यक्तिले विदेशबाट विमानस्थलको ६ ठाउँमा बम भएको भन्दै फोन फोन गरेर भ्रामक सूचना दिएका थिए ।

नागरिक उड्ययन प्राधिकरणका अधिकारीलाई ल्याण्ड लाइनमा फोन गर्दै आन्तरिक तर्फको टर्मिनलमा ६ ठाउँमा बम भएको मिथ्या सूचना दिएको पाइएको त्रिभुवन विमानस्थल कार्यालयका एसएसपी भीमप्रसाद ढकालले जानकारी दिए ।

सूचनासँगै केहीबेर आन्तरिक टर्मिनललाई खाली गराइएको थियो । बम नभएको पुष्टि भएपछि यात्रुहरुलाई पुनः प्रवेश गर्न दिइएको थियो ।

## निर्वाचन आचार संहिता २०७८मा भएका बालबालिकासंग सम्बन्धित मुख्य प्रावधानहरु:

**निर्वाचन आचार संहिता राजनीतिक दल, उम्मेदवार लगायत गैरसरकारी संस्था, विद्यालय समेतलाई लागू हुने**

परिच्छेद १ दफा ३ त र थ अनुसार यो आचार संहिता गैरसरकारी संस्थाका पदाधिकारी तथा कर्मचारी र सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी समेतलाई लागू हुने ।

**निर्वाचन प्रचार प्रसारमा बालबालिकालाई प्रयोग गर्न नहुने**

परिच्छेद २ को दफा ४ छ अनुसार सबैले पालना गर्नु पर्ने आचरण अन्तरगत १८ वर्ष पुरा नभएका बालबालिकालाई निर्वाचन प्रचार प्रसार गर्न वा गराउन नहुने

परिच्छेद ४ को दफा १२ ट अनुसार राजनीतिक दल, उम्मेदवार तथा दलका भातृसंगठनले निर्वाचन प्रचार प्रसार, आम सभा तथा जुलुसमा १८ वर्ष उमेर पुरा नभएका बालबालिकालाई प्रयोग गर्न वा गराउन नहुने

**निर्वाचन प्रचार प्रसारमा विद्यालय प्रयोग गर्न नहुने**

१० परिच्छेद २को दफा ४ ग अनुसार कुनै सरकारी कार्यालय वा सामुदायिक विश्वविद्यालय वा सामुदायिक विद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचन सम्बन्धि भेला वा प्रचार प्रसार गर्न वा गराउन नहुने

३० परिच्छेद ३ को दफा ९ क,ग, छ, ज, अनुसार सामुदायिक विद्यालय तथा शिक्षकहरुले पालना गर्नु पर्ने आचरण अन्तर्गत कुनै राजनैतिक दल वा उम्मेदवारको प्रचार प्रसार गर्न नहुने, विद्यालयको सवारी साधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन वा सभा वा सम्मेलन गर्न वा प्रचार प्रसार गर्न नहुने , राजनैतिक प्रकृतिको कार्यक्र गर्न नहुने, कार्यालयमा राजनैतिक दल वा उम्मेदवारको निर्वाचन प्रचार प्रसार सामग्री टाँस्न वा राख्न नहुने, सामाजिक सञ्जाल प्रयोग गरेर राजनैतिक दल वा उम्मेदवारको पक्ष विपक्षमा प्रचार गर्न, मत माग्न नपाइने

**निर्वाचन प्रचार प्रसारमा गैरसरकारी, सरकारी तथा निजी संस्था, पदाधिकारीको प्रयोग हुन नहुने**

परिच्छेद ३ को दफा ११ अनुसार गैरसरकारी तथा निजी संस्थाका पदाधिकारी, कार्यरत कर्मचरीहरुले कुनै राजनैतिक दल वा उम्मेदवारको प्रचार प्रसार गर्न नहुने, आफ्ना सवारी साधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन वा सभा वा सम्मेलन गर्न वा प्रचार प्रसार गर्न नहुने, राजनैतिक प्रकृतिको कार्यक्रम गर्न नहुने, कार्यालयमा राजनैतिक दल वा उम्मेदवारको निर्वाचन प्रचार प्रसार सामग्री टाँस्न वा राख्न नहुने, सामाजिक सञ्जाल प्रयोग गरेर राजनैतिक दल वा उम्मेदवारको पक्ष विपक्षमा प्रचार गर्न, मत माग्न नपाइने

**आचारसंहिता उल्लङ्घन सम्बन्धि उजुरी जो कसैले जुनसुकै माध्यमबाट दिन सक्ने**

परिच्छेद ९ को दफा ३९ अनुसार आचारसंहिता उल्लङ्घन सम्बन्धि उजुरी जो कसैले मौखिक, लिखित, सामाजिक संजाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले आयोग, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय, आचारसंहिता अनुगमन समिति, टोली वा अनुगमन अधिकृतलाई उजुरी दिन सक्ने ।

उजुरीकर्ताले चाहेमा निजको नाम नामेशी गोप्य रहने ।

निर्वाचन आचारसंहिता २०७८ मा भएका बालबालिकासंग सम्बन्धित मुख्य प्रावधानहरुबारे
विद्यालय, शिक्षक, अभिभावक, राजनीतिका दल, उम्मेदवार तथा दलका भातृसंगठन
र बालबालिका समेतलाई सचेत गराऔं
निर्वाचन आचारसंहिता पालना भए नभएको अनुगमन गरौं
उल्लङ्घन भएको पाइएमा उजुरी गरौं

Save the Children

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

## सर्पको टोकाईबाट बचौं र बचाऔं ।

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफुक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*